नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

URL : www.mopit.gov.np
email:info@mopit.gov.np
फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरबार, काठमाडौं, नेपाल ।

अत्यन्त जरुरी

पत्र संख्याः- आ.प्र. ४।३।२०७९।८०

च. नं.:- १८६८

मिति - २०८०।०२।२५

**विषय - असुली बेरुजु नियमानुसार असुल फस्यौंट गर्ने सम्बन्धमा ।**

श्री महानिर्देशकज्यू, सडक विभाग, चाकुपाट ललितपुर ।
श्री महानिर्देशकज्यू, यातायात ब्यवस्था विभाग, मीनभवन, काठमाडौं ।
श्री महानिर्देशकज्यू, रेल विभाग, विशालनगर, काठमाडौं ।
श्री कार्यकारी निर्देशकज्यू, सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौं ।

यस मन्त्रालय र अन्तर्गतका निकायहरुको समेत आर्थिक बर्ष २०७७।०७८ (म.ले.प.को ५९ औं बार्षिक प्रतिबेदन २०७९) सम्म को चालु आ.ब. मा फस्यौंट गर्नुपर्ने ३२ अर्ब ६९ करोड २७ लाख ०८ हजार बेरुजु मध्ये असुल गर्नुपर्ने ६ अर्ब ७८ करोड १२ लाख ६५ हजार अर्थात २०.७५ प्रतिशत रहेको छ भने समितितर्फ चालु आ.ब. मा फस्यौंट गर्नुपर्ने ३३ करोड ९९ लाख ३७ हजार मध्ये सडक बोर्डतर्फ १५ करोड ८६ लाख ९५ हजार अर्थात ८५.९६ प्रतिशत असुल गर्नुपर्ने बेरुजु कायम भएको मासिक प्रगति विवरणबाट देखिएको छ ।

त्यस्तै आर्थिक बर्ष २०७८।०७९ (म.ले.प.को ६० औं बार्षिक प्रतिबेदन २०७९) बाट थप भएको कुल बेरुजु ८ अर्ब ७९ करोड ७४ लाख ०२ हजार मध्ये असुल गर्नुपर्ने २ अर्ब ९३ करोड ५६ लाख १९ हजार अर्थात ३३.३६ प्रतिशत रहेको म.ले.प.को विवरण प्राप्त भएको छ ।

यसरी असुली बेरुजुको भार बढोत्तरी हुँदै गएकोले असुली बेरुजु फस्यौंटमा अठोटका साथ कठोरता पूर्बक लाग्न, एक निकायले अर्को निकायलाई असुल उपर गर्ने कार्यमा सहजीकरण तथा सहयोग गर्न र भुक्तानी दिनु पूर्व बेरुजु छ/छैन रुजु गरी असुली बेरुजु नभएको यकिन गरेरमात्र भुक्तानी दिने ब्यवस्था मिलाउनु हुन साथै कुनै पनि ब्यक्ति, संस्था, सप्लायर्स, निर्माण ब्यवसायी एकल वा संयुक्त (जे.भी.) का नाममा समेत कायम रहेको असुली बेरुजुलाई असुल उपर गरी फस्यौंटका लागि पेश गर्न र त्यति गर्दा समेत असुल उपर गर्न नसकिएमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, को नियम ९० को उपनियम १ देखि ७ सम्मका सम्पूर्ण प्रक्रियाहरु क्रमश पुरा गरी ऐनको दफा ४७ को उपदफा ३ बमोजिम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाउनका लागि अनुसूची - १५ बमोजिमको विवरण भरी लगत कस्न पठाई असुल फस्यौंट कार्य गर्न गराउनका लागि मिति २०८०।०२।२५ को सचिवस्तरीय निर्णयानुसार अनुरोध गर्दछु ।

(रघुराम बिष्ट)
सह-सचिव

**बोधार्थ-**

श्री कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय, बबरमहल, काठकाडौं ।
श्री बेरुजु फस्यौंट अनुगमन समिति, अर्थ मन्त्रालय भवन, सिंहदरवार ।